नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक

## जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा जारी गरिएको

## आदेश

विश्वव्यापी रुपमा फैलिइरहेको नोबेल कोरोना भाइरस (कोभिड-१९) संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लामा कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम कोभिड-१९ संक्रमणको अवस्था विश्लेषण गर्दा समुदायमा कोभिड-१९ संक्रमण दर घटिरहेको पाइएकोले संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी काभ्रेपलाञ्चोक जिल्लाभरि मिति २०७८।०७।१७ गतेबाट अर्को आदेश नभएसम्म लागु हुने गरी देहायअनुसार आदेश जारी गरिएको छ । यस आदेशको अवहेलना तथा बर्खिलाप हुने गरी कहीं कसैबाट कार्य भएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

<u>देहाय</u>

१ <u>सर्वसाधारणले पालना गर्नुपर्ने:</u>

१.१ हिंडडुल तथा आवतजावत गर्दा जनस्वास्थ्यका मापदण्ड र सामाजिक दुरी पूर्ण रुपमा पालना गर्ने ।

१.२ हाट, मेला, जात्रा, पार्टि जस्ता भिडभाड हुने कार्यहरु कम गर्ने । गर्नै पर्ने भएमा निर्धारित जनस्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य पालना गर्ने ।

१.३. निकट भविष्यमा आइरहेको चाड शुभदीपावलीका अवसरमा खेलिने देउसी भैलो कार्यक्रम जनस्वास्थ्य मापदण्ड अनिवार्य पालना गरी रातको ९.०० बजेसम्म मात्र संचालन गर्ने । दीपावली र छठ पर्वहरुमा बालिने पत्तीहरुका कारण विद्युत सर्ट भई आगलागी हुनसक्ने भएकाले त्यसतर्फ सजग रहने । दीपावली र छठ पर्वका अवसरमा पटाका, आतिसवाजी लगायतका विष्फोटक पदार्थहरुको आयात, विक्री वितरण तथा प्रयोग नगर्ने ।

१.४ कोभिड-१९ सँग मिल्दोजुल्दो कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क गर्ने ।

२. <u>सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा:</u>

२.१. सार्वजनिक सवारी साधनका हकमा कुल सीट क्षमता भन्दा बढी संख्या यात्रुहरु नराख्ने गरी चालक, सहचालक तथा यात्रुहरुले निर्धारित जनस्वास्थ्य मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

२.२ विकास निर्माणका सामग्री ढुवानी गर्ने सवारी साधनहरु स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी जिल्लाभित्र खपत हुने सामग्रीको हकमा साँझ ७:०० बजेपछि बिहान ६:०० बजेसम्म र जिल्ला बाहिर लैजानेको हकमा राती ९:०० बजेदेखि बिहान ५:०० बजेसम्म सञ्चालन गर्ने ।

३. माथि उल्लेखित आदेशहरुको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ । अनुगमनको क्रममा यस आदेशको अवज्ञा गर्ने जो कोहीलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार सजाय हुने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

मिति: २०७८।०७।१७

..........................
(शिवराम पोखरेल)
प्रमुख जिल्ला अधिकारी

शिवराम पोखरेल
प्रमुख जिल्ला अधिकारी